# गैँडाको अवैध चोरी सिकार रोकथाममा जनसहभागिताको खाँचो

■ **कमल भण्डारी**

## पृष्ठभूमि

नेपाल क्षेत्रफलका हिसाबले सानो भएता पनि जैविक विविधतामा भने धनी देश मानिन्छ । विश्व समुदायमा नेपाललाई सगरमाथाको देश, बुद्धको देश, सामुदायिक वनको देश, मन्दिरै मन्दिरको राजधानी भएको देश भनेर चिनिदै आएको छ । यसै गरी अब अर्को परिचयको आधार एक सिङ्गे गैँडाले बनाउँदैछ किन भने विश्वबाट नै लोप हुने स्थितिमा पुगेको गैँडा नेपालमा पाइन्छ ।

विशेषगरेर गैँडा नेपालको शाही चितवन राष्ट्रिय निकुञ्जमा पाइन्छ भने यसलाई बिस्तारै शाही बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्ला फाँट वन्यजन्तु आरक्षमा पनि स्थानान्तरण गरिंदै आएको छ । गैँडाको लागि ज्यादै राम्रो वातावरण भएर होला चितवन राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रहरूमा गैँडाको संख्या वृद्धि हुँदै आएको कुरा विभिन्न अध्ययनले देखाएको छ । यसैगरी यसको अवैध चोरी सिकारी गर्ने क्रम पनि विगतबाट नै हुँदै आएको पाइन्छ । कहिले निकुञ्ज भित्रै त कहिले मध्यवर्ती क्षेत्रमा गैँडाको अवैध रूपमा सिकार भएको पाइन्छ । यसरी अवैध रूपमा गैँडाको चोरी सिकार गर्ने कामलाई कसरी कम गर्न सकिन्छ, यसमा स्थानीय जनताको सहभागिता कति आवश्यक छ, परम्परागत रूपमा गरिंदै आएका संरक्षण विधि र हाल अपनाउन खोजिएका नयाँ तौर तरिका मध्ये कुन चाहिँ राम्रो र दिगो हुन सक्छ भन्ने कुरालाई यो लेखमा प्रस्तुत गर्न खोजिएको छ । विशेष गरेर यो लेख शाही चितवन राष्ट्रिय निकुञ्ज वरपर बसोबास गर्ने मानिसहरूसँगको अन्तरकृया र उनीहरूले गैँडा संरक्षण सम्बन्धी गर्न खोजेका कामहरूको अध्ययन, अवलोकनको आधारमा रहेर तयार गर्ने प्रयास गरिएको छ ।

### एक सिङ्गे गैँडाको चिनारी र वर्तमान अवस्था

एक सिङ्गे गैँडा (*One horned rhinoceros*) *Rhinoceritidae* परिवार अन्तर्गत पर्दछ । यसको वैज्ञानिक नाम *Rhinoceros unicornis* हो । बासस्थानको विनास तथा अवैध सिकारको कारणले एक सिङ्गे गैँडा नेपालमा पनि सङ्कटापन्न अवस्थामा रहेको छ । वि.सं. २०४० साल पछि विभिन्न समयमा गरिएका स्थानान्तरण कार्यक्रम पश्चात् शाही बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा वन्यजन्तु आरक्ष र यसको संरक्षित क्षेत्र वरपर यो गैँडाको बासस्थान रहेको छ । वि.सं. २०५६ को गणना अनुसार नेपालमा ६१२ ओटा गैँडा रहेका छन् । त्यस मध्ये शाही चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा मात्र एक सिङे गैँडाको संख्या ५४४ रहेको छ ।

### गैँडाबाट हुने फाइदाहरू

गैँडाको महत्व र यसबाट हुने फाइदाका बारेमा धेरै मानिसहरूलाई थाहा छ । गैँडाको पिसाब औषधिको रूपमा प्रयोग गरिन्छ भने यसको छालाबाट बनेको खगौतोले श्राद्धमा तर्पन दिएमा पितृहरूले समेत मोक्ष प्राप्त गर्दछन् भन्ने हिन्दू संस्कारमा उल्लेख भएको पाईन्छ । यसको सिङ्ग (खाग) ज्यादै मूल्यवान वस्तुको रूपमा लिईन्छ भने महङ्गोमा बिक्री हुने गरेको सुनिन्छ । गैँडाबाट जैविक विविधतामा फाइदाको साथै यसको कारणले पर्यटन व्यवसाय फस्टाइ आयआर्जनको सिर्जनाको साथै राष्ट्रिय अर्थतन्त्रमा राम्रो योगदान पुगेको छ । राष्ट्रिय निकुञ्जमा जम्मा हुने राजस्वको ३० देखि ५० प्रतिशत रकम निकुञ्ज प्रभावित क्षेत्रको विकासमा लगाउने प्रावधानले

गर्दा स्थानीय जनताहरूलाई पनि राम्रै फाइदा पुगेको छ । निकुञ्जबाट आउने उक्त रकमबाट मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति मार्फत गाउँमा बाटो, कल्भर्ट, विद्यालय, सामुदायिक भवन, खानेपानी, पुल पुलेसा, नदी नियन्त्रण जस्ता विभिन्न भौतिक विकासका कार्यक्रमहरु सञ्चालन गरेको पाइन्छ । यसैगरी मध्यवर्ती सा.व. व्यवस्थापन, बाख्रापालन, सिलाईकटाई, मैनबत्ती तालीम, कम्प्युटर तालीम, तरकारीखेती, माछापालन, बङ्गुर पालन जस्ता कार्यक्रमहरु भइरहेका छन् । कुमरोज सा.व. उपभोक्ता समूह का एक जना सदस्यका अनुसार निकुञ्जमा गैंडा भएकोले पर्यटकहरु आउने गर्दछन् । उनीहरुले गैंडा हेर्नलाई तिरेको रकमबाट राजस्वमा वृद्धि भएको छ जसबाट ५०% रकम गाउँघरको विकासको लागि गएको छ । यसले स्थानीय जनताको जीवनयापनमा मद्दत पुऱ्याएको छ । यदि निकुञ्जमा गैंडा नभएको भए यी सबै कुराहरु हुने थिएनन् । त्यसैले उनी गैंडाबाट सोचेभन्दा बढी फाइदा भएको बताउँछन् ।

**गैंडाबाट परेका नकारात्मक प्रभावहरु**

जति मात्रामा गैंडाबाट फाइदा भएको छ, त्यतिकै मात्रामा बेफाइदा पनि भएको कुरा स्थानिय बासिन्दाहरु बताउँछन् । गैंडा कुनै निश्चित ठाँउमा मात्र नबस्ने भएकोले, निकुञ्ज भित्र होटलहरु राखिएकाले र पर्यटकहरुलाई हात्तीमा चढाएर गैंडालाई छेकी छेकी देखाउने जस्ता विभिन्न कारणहरुले गर्दा पनि राष्ट्रिय निकुञ्ज भन्दा बाहिरका क्षेत्रमा गैंडा गएर गाँउलेहरुले लगाएको अन्न बालीमा क्षति पुऱ्याउने, मानिसहरुलाई मार्ने, अङ्गभङ्ग पार्ने जस्ता घट्नाहरु भइरहेको पाइन्छ । २०५२ सालभन्दा पहिले (मध्यवर्ती क्षेत्र लागू नहुँदा) त गाउँलेहरुले गैंडाले पारेको नोक्सानीलाई हेरेर बस्नु सिवाय केही थिएन । मध्यवर्ती लागू भएपछि केही राहत भएको जस्तो देखिन्छ । गैंडाले व्यक्तिगत जग्गामा लगाएको बाली नष्ट पार्दा राष्ट्रिय निकुञ्जबाट त्यसको क्षतिपूर्ति (राहत) दिने प्रावधान अझै पनि छैन । मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति मार्फत राष्ट्रिय निकुञ्जले केही प्रतिशत रकम सामाजिक, भौतिक विकास र आय आर्जनका सामान्य कामहरुमा दिने गर्दछ तर पनि यसबाट क्षतिपूर्तिको ५ प्रतिशत पनि भेट्दैन भन्ने कुरा पिठौली गा.वि.स. का पर्शुराम सिग्देल बताउनुहुन्छ । मध्यवर्ती क्षेत्रका कतिपय मानिसहरु आफ्ना गुनासा यसरी पोख्दछन्- “गैंडा हाम्रो शत्रु हो किनभने आफूले दुःख गरेर मुखमा आउन लागेको बाली खाइदिन्छ, नष्ट गर्छ, खेदाउन गयो भने आफैतिर झम्टन्छ । कतिपयको त ज्यानै लिएको छ । गाँउमा गैंडा आउने र अन्नबाली नष्ट गर्ने प्रक्रिया त नियमित जस्तो भएको छ । कतिपटक सम्म गैंडाको रोकथामलाई लिएर सम्बन्धीत निकायमा धायौं, करायौं, केही सीप नलागेपछि गाउँमा गहुँबाली लगाउनै छोड्यौं ।”

मध्यवर्तीले गैंडाबाट प्रभावित क्षेत्रका गरिब तथा विपन्नलाई बाख्रापालन, बंगुरपालन गर्न दिएको छ । उनीहरुका अनुसार बाख्रा जति ओटा पाल्न दिएपनि गाँउमा गैंडाले दिने दुःख कम हुन सकेको छैन । गाउँमै गैंडाले आएर मानिसहरुलाई अङ्गभङ्ग बनाएमा उपचार खर्चको लागि केही रकम मध्यवर्ती क्षेत्र व्यवस्थापनले उपलब्ध गराउँछ भने मान्छे मऱ्यो भने किरिया खर्च लिएर चित्त बुझाउनु सिवाय केही छैन । अर्कोतिर मध्यवर्ती क्षेत्र भनेर सीमाना तोकिएको ठाउँ भन्दा बाहिर गैंडाले मान्छे माऱ्यो भने यसको क्षतिपूर्ति पाउने प्रावधान पनि छैन । मध्यवर्ती क्षेत्र लागू भएपछि यो क्षेत्रमा भएका वनहरुलाई सा.व. बनाउने क्रम बढ्दो छ । केही मात्रमा सा.व.बाट घाँस, खर, दाउरा, उपभोक्ताले पाएका छन् तर कतिपय सा.व. हरु विगत ८ वर्षदेखि हस्तान्तरण भएका छैनन् । जङ्गलको अत्याधिक वृद्धिले गर्दा यी क्षेत्रहरु गैंडाको बासस्थानमा परिणत भएका छन् जसले गर्दा गैंडा खेल्ने, घुम्ने ठाउँ फराकिलो हुँदै गएको छ । यो राम्रो कुरा हो तर जति गैंडाको

वृद्धि हुँदैछ, उति नै स्थानीय बासिन्दालाई चाप बढी रहेको छ । यसरी राष्ट्रिय स्तरबाट हेर्दा जति गैँडाबाट फाइदा हुनुपर्ने हो, त्यति मात्रामा स्थानीयस्तरमा देखिँदैन ।

## गैँडाको अवैध चोरी सिकार

विगत समयबाट नै शाही चितवन राष्ट्रिय निकुञ्ज र यसका आसपासका क्षेत्रहरुमा गैँडाको अवैध चोरी सिकारी हुँदै आएको छ । तर कसले चोर्दछ, कसरी मारिन्छन भन्ने कुरा गाउँलेहरु कसैलाई थाहा नहुने कुरा बताउँछन् । एकैचोटि गैँडा मरेपछि मात्र गाउँलेहरुले दाउरा, घाँस काट्न जाँदा देख्ने गरेको कुरा बताउँछन् । गत साल श्रावण २४ गते एक कुख्यात गैँडा चोरी सिकार गर्ने व्यक्ति पक्राउ परे । उनले विगत सात वर्षमा आफ्नो भरुवा बन्दुकले १७ ओटा गैँडा मारेको स्वीकार गरेका थिए । निजले गैँडाको खागबाट आठ लाख पचहत्तर हजार रुपैयाँ कमाएको बताएका थिए । गैँडाले प्रायः एकै ठाउँमा दिसा गर्ने भएकोले उसको बाटो सधैँ एउटै हुने गर्दछ । यही बाटोमा सिकारीहरु (चोरहरु) ले खाल्डो खनेर गैँडालाई धरापमा पार्ने र सिङ्ग (खाग) काटेर लैजाने गरेको कुरा गाउँलेहरु बताउँछन् । यसैगरी कतिपय गैँडालाई मध्यवर्ती सामुदायिक वन (सा.व.) क्षेत्र भित्र चर्न आएको बेला गोली हानेर मार्ने गरेको पाइन्छ । कसै कसैले भने खागको लोभले नभएर आफ्नो खेतमा बाली खान आएको बेला करेन्ट लगाएर पनि मारेको सुनिन्छ । निकुञ्जको छेउछाउमा पुर्खौदेखि माछा मार्ने, साग, सिस्नोबाट जीविकोपार्जन गर्दैआएका र निकुञ्जलाई नजिकबाट अध्ययन गरिरहेका माझीबोटेहरुका अनुसार गैँडा मरेको देखेपछि नजिकै निकुञ्ज प्रशासनमा गएर खबर गर्दछौ र प्रशासनले मरेको/मारेको गैँडाको जाँच बुझ गरी छाला, खुर, खाग आदि निकालेपछि हामीहरु मासु ल्याउँछौ । मासु खान पाईन्छ भनेर नै गैँडा मरेको देख्ना साथ खवर गर्ने मात्र नभइ हामी निकुञ्जका जनावरहरुलाई हाम्रा साथीको रुपमा स्वीकार्छौं । कहिले काहीं त यस्तो खबर गर्दा प्रशासनका कर्मचारीबाट उल्टै गाली खानु पर्ने हुन्छ । माझीहरुका अनुसार निकुञ्जमा कस्ले पस्न दियो, तिमीहरुले नै गैँडा मार्ने मान्छेलाई नदी तारिदियौ भन्ने आरोप लगाउँदै प्रशासन कर्मचारीले हप्काउँछन् । पिठौली गा.वि.स.८, लौगाई, नवलपरासीका तेज ब. माझी भन्दछन् "हामी गैँडा मारेर खाग बिक्री गर्ने भए यस्तै झुपडीमा बस्थ्यौं ? सलाईको बट्टा जत्रो घरमा कहाँ बन्दुक राख्नु सबै छर्लङ्ग देखिन्छ ।  खाग बिक्री गर्ने भए हामी किन यति दुखका साथ जीवनयापन गर्दथ्यौं होला ?"

यसै गरी गैँडाको चोरी सिकारी हुनुको अर्को कारण गैँडाको संरक्षणमा जनसहभागिता कम भएर पनि हुन सक्छ ।

## गैँडाको अवैध चोरी सिकार नियन्त्रणका सरकारी प्रयासहरु

विगतदेखि नै गैँडाको चोरी सिकार नियन्त्रण गर्न सरकारबाट धेरै प्रयासहरु भएको पाइन्छ । त्यसैगरी गैँडाको अवैध चोरी सिकार नियन्त्रण गर्नको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले कानुनी संरक्षण प्रदान गरेको छ । जैविक विविधताको संरक्षणमा नेपालमा सरकारले राष्ट्रिय निकुञ्जको स्थापना गरेको छ । तर राष्ट्रिय निकुञ्जको व्यवस्थापनमा जनसहभागिताको आवश्यकतालाई त्यति ध्यान दिएको पाइँदैन । यी क्षेत्रहरुको संरक्षण सेनाबाट र व्यवस्थापन पढे लेखेका प्राविधिकहरुबाट मात्र संभव हुने कुरामा जोड दिएको देखिन्छ । यसको अवैध सिकार गर्न तथा हाड, छाला, सिङ्ग खुर (आखेटोहार) आदिबाट बनेका सामाग्रीहरु राष्ट्रिय वन्यजन्तु संरक्षण विभागले प्रदान गरेको लिखित इजाजत वेगर बेचबिखन गर्न तथा घरमा राख्न कानुनले निषेध गरेको छ । यस्ता क्रियाकलाप गर्ने गराउनेलाई राष्ट्रिय निकुञ्ज वन्यजन्तु संरक्षण

ऐन २०२९ अनुसार एक लाख रुपैयाँ जरिबाना वा १५ वर्ष सम्म कैद हुन सक्ने प्रावधान छ । निकुञ्जको सुरक्षार्थ सेनाहरु परिचालन गरिएको छ । यसको साथै निकुञ्ज प्रशासनको इजाजत विना जो कसैलाई पनि निकुञ्ज प्रवेश गर्न मनाही छ । श्री ५ को सरकारले गैंडाको संरक्षण गर्न धेरै धन राशी खर्च गरिरहेको भएपनि आशातित् प्रतिफल पाउन सकेको छ वा छैन यो अनुसन्धानको विषय भएको छ ।

**गैंडाको अवैध चोरी सिकार विरुद्ध स्थानीय जनताले अपनाएका तरिकाहरु**

राज्यले मात्रै अपनाएका तरिकाहरूले प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा आशातित् प्रतिफल आउन नसकेपछि जनसहभागिताको आवश्यकतालाई महसुस गरियो । विगत दुई दशक देखि नेपालमा जनताको सहभागितामा प्राकृतिक स्रोतको व्यवस्थापन गर्न सुरु गरिएको र यो तरिका ज्यादै प्रभावकारी भएको कुरा विभिन्न अनुसन्धानले देखाएका छन् । जैविक विविधता महासन्धि सन् १९९२ ले पनि जैविक स्रोतमा जन अधिकारका कुराहरुलाई अगाडि सारेको छ । यो सन्धिले जैविक विविधताको संरक्षण र सिर्जना विभिन्न देशका समुदायको संस्कृति, जीवनशैली, ज्ञान र पद्धतिको कारणबाट हुने, स्थानीय समुदाय र राज्यको जैविक विविधता माथिको अधिकारलाई मान्यता प्रदान गरिएको खण्डमा मात्र जैविक विविधता संरक्षण हुने, जैविक विविधताको दिगो उपयोग र यसबाट प्राप्त हुने लाभलाई समानुपातिक रुपमा वितरण गर्नु पर्ने जस्ता कुराहरुलाई जोड दिएको छ । यसरी महासन्धिले जन अधिकारका कुरालाई अगाडि सारेको भएता पनि नेपालमा प्राकृतिक स्रोतका सबै क्षेत्रमा यी कुराहरुलाई अपनाएको पाइँदैन । यसैगरी फलस्वरुप २०५२ सालमा राष्ट्रिय निकुञ्जबाट प्रभावित क्षेत्रलाई मध्यवर्ती क्षेत्रको रुपमा घोषणा गरेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुको संरक्षणमा जनताको सहभागिताका कुराहरु केही मात्रामा भएपनि उठाएको छ । तर पनि मध्यवर्ती व्यवस्थापन नियममावलीले मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा निकुञ्जका वार्डेनलाई नै बढी अधिकार दिएको पाइन्छ । अर्को तिर अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाले यस्ता क्षेत्रको संरक्षणमा जनताको सहभागितालाई जोडदिएको पाईन्छ । राष्ट्रिय निकुञ्ज र यसको वरपरको क्षेत्र तथा वन्यजन्तुको संरक्षणमा पनि जनताको सहभागिता अपरिहार्य छ भन्ने कुरा शाही चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका जनताहरुले गरेका केही उदाहरणीय कामहरुबाट बुझ्न सकिन्छ ।

गैंडाको अवैध सिकारको नियन्त्रण गर्नको लागि नवलपरासी जिल्लामा पर्ने १५ ओटा गा.वि.स.भित्रका मध्यवर्ती व्यवस्थापन समितिले एउटा नयाँ अवधारणा ल्याएको छ । यो क्षेत्र पहिलेदेखि नै बढी मात्रामा गैंडाको अवैध चोरी हुने क्षेत्रको रुपमा परिचित हुँदै आएको छ । मध्यवर्ती व्यवस्थापन समितिका सदस्यहरुको अन्तरक्रियाबाट युवाहरुको सकृयतामा गैंडाको संरक्षण कार्यलाई अगाडि बढाउन एउटा संस्था खडा गरिएको छ । यसको नाम "चोरी सिकार नियन्त्रणमा युवा जागरण अभियान" हो । यो संस्था २०६० साल असारमा स्थापना गरिएको थियो । यस संस्थाको काम निकुञ्ज वरपरका गाउँहरुमा निकुञ्जको महत्व वन्यजन्तु र जैविक विविधताबारे जनचेतना अभियान सञ्चालन गर्ने रहेको छ । वन्यजन्तुको चोरी सिकार गर्नेहरुको विरुद्ध स्थानीय जनताहरु सशक्त रुपमा उत्रन प्रोत्साहन गर्ने कामलाई यस अभियानले मुख्य प्राथमिकता दिएको छ । हालसम्म यो युवा जागरण अभियान समूहले गरेका कृयाकलापहरु निम्न छन्:

- मध्यवर्ती क्षेत्रका प्रत्येक गा.वि.स. हरुमा वृहत आमसभा सञ्चालन गरी गैंडा तथा अन्य वन्यजन्तुको महत्वबारे जनसमुदायमा जानकारी गराउने,

- निकुञ्जको आसपास तथा प्रभावित क्षेत्रका जनताहरु बीच वन्यजन्तु संरक्षण सम्बन्धी अन्तरक्रिया सञ्चालन गर्ने,
- वन्यजन्तु संरक्षण तथा चोरी सिकारी बिरुद्ध पर्चा, पोस्टरहरु बनाएर वितरण गर्ने,
- निकुञ्जको छेउछाउमा बस्ने बोटेमाझी/मुसहर, थारु समूहहरुमा गएर राष्ट्रिय निकुञ्ज र मध्यवर्तीको महत्वबारे जानकारी गराउने ,
- निकुञ्ज भित्र अवैध प्रवेश रोक्न डुङ्गामा नम्बर राख्ने : चोरी शिकार गर्ने उद्देश्यले डुङ्गाबाट निकुञ्जभित्र प्रवेश गर्ने प्रवृत्तिलाई निरुत्साहीत गर्न यस्तो नम्बरीङ् गर्न सुरुआत गरिएको छ। यो युवा जागरण अभियानले थालेको अभियान अन्तर्गत विभिन्न क्षेत्रबाट निकुञ्ज भित्र-बाहिर आवत जावत गर्ने १ सय १० ओटा डुङ्गामा नम्बर राखिएको छ। नवलपरासीको मध्यवर्ती क्षेत्र अन्तर्गत गैंडाकोटदेखि त्रिवेणीसम्म रहेका झण्डै चार सय डुङ्गा मध्ये दुई सय भन्दा बढी अवैध तरिकाले निकुञ्ज प्रवेश गरेको पाइन्छ। नम्बरीङ्ग गर्दा परम्परागत रुपमा माछा मार्ने व्यवसाय गर्दै आएका बोटेमाझी र मुसहरहरु, निकुञ्ज छेउ छाउका होटल र निकुञ्जको स्वामीत्वमा रहेका डुङ्गगालाई प्राथमिकता दिइएको छ । नम्बरीङ्ग गर्ने म्याद २०६१ साल भाद्रसम्म तोकिएको छ । नम्बरीङ्ग अन्तर्गत बोटेमाझी र मुसहरका डुङ्गालाई रातो रङमा सेतो अक्षर, होटलका डुङ्गालाई पहेंलो रङ्मा नीलो अक्षर र निकुञ्जका डुङ्गालाई सेतोमा रातो अक्षर प्रयोग गरिएको छ। यस्ता कार्यहरुबाट निकुञ्ज भित्र आवत जावतमा नियन्त्रण हुने तथा लापरवाही र गैर कानुनी तरिकाले डुङ्गाहरु निकुञ्ज भित्र जान नपाएपछि चोरी सिकार गर्ने मान्छे पनि भित्र बस्न सक्दैनन्। यसबाट अवैध रुपले वन्यजन्तुको चोरी सिकार कम हुन सक्ने देखिन्छ।

यस्ता खाले विभिन्न उदाहरणीय कार्यहरु युवा जागरण अभियानले सुरुआत गरेको छ। यसबाट पनि गैंडाको अवैध चोरी सिकारी अझ् घट्न सक्ने देखिन्छ। एउटा सुखद् कुरा के छ भने यो संस्थाले यस्ता कार्यक्रम सुरु गरेपछि राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा गैंडाको चोरी तस्करी हुने क्रम प्रायः ठप्प भएको छ । मध्यवर्ती व्यवस्थापन समितिले जनताको सहभागितामा निकुञ्जबाट गैंडालाई गाउँतिर आउन रोक्नका लागि तारबार लगाउने, ट्रेन्च (तोस) खन्ने, जैविक बार लगाउने, साथै गैंडाको अवैध चोरी सिकार रोक्न साँस्कृतिक कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ। यसैगरी मध्यवर्ती व्यवस्थापन नियमावलीले निकुञ्जबाट उठेको राजस्व मध्ये ३० देखि ५० प्रतिशत रकम मध्यवर्ती क्षेत्रमा नै लगानी गर्ने नयाँ सोच ल्याएपछि यी क्षेत्रमा विभिन्न खाले विकासे कार्यक्रमहरु जस्तै बाटो, कल्भर्ट, नदी नियन्त्रण, बाखापालन, सिलाइ कटाइ आदिले केही मात्रामा भएपनि राष्ट्रिय निकुञ्ज प्रति जनताको सकारात्मक दृष्टिकोण रहेको देखिन्छ । यस्ता कार्यक्रमले समाजमा हुने खाने, ठूला वडा, पहुँचवालालाई त काइदा नै भएको छ तर सामाजिक संरचनाबाट किनारा लगाईएका बोटेमाझी/मुसहरहरुलाई भने “हात्ती आयो, हात्ती आयो फुस्सा” झै भएको छ। उनीहरुका अनुसार मध्यवर्तीबाट आएको विकासे कार्यक्रमले उनीहरुलाई छोएको छैन र उपभोग गर्न पनि सकेका छैनन् । उनीहरु जस्ता जीवनमा कहिल्यै बाखा नपालेकालाई बाखापालन गर्न दिएर केही काम भएन । बल्ल तल्ल आफू बस्नलाई सलाइको बट्टा जत्रो घर बनाएका छौं । कता बाखा बाध्नु, कता आफू बस्नु, दिनरात माछा मार्न जाँदा ठीक्क हुन्छ, प्रत्येक वर्ष नदीमा आउने बाढीले गर्दा स्थायी बसाईको कुनै टुङ्गो हुँदैन । अर्कोतिर मध्यवर्तीबाट पाउने कार्यक्रमको लागि समूह बनाएर बचत गर्नु पर्ने हुन्छ, यसरी मासिक रुपमा बचत गर्ने क्षमता पनि नभएकोले यी कार्यक्रम बोटेमाझीका लागि सहज हुन सकेको देखिँदैन । जीविका चलाउन यस्ता कामहरु भन्दा स्वतन्त्र रुपमा नदीमा माछा मार्न र निकुञ्जमा साग, सिस्नो, टिप्न दिए उनीहरुको भलाइ हुने कुरा वीरवल माझीले बताए । तर पनि मध्यवर्तीले ल्याएका केही

कार्यक्रमहरु भने हाम्रा लागि ज्यादै राम्रो भएको छ भन्छन् तेज बहादुर माझी । गत सालदेखि निकुञ्ज भित्र वा बाहिर माछा मार्न, निगुरो टिप्न जाँदा गैंडा वा अन्य वन्यजन्तु मरेको देखेर इमान्दारी साथ निकुञ्ज प्रशासनमा खबर गर्‍यो भने पुरस्कार पाइने भएको छ । बोटे माझीहरुले पुरस्कार कसरी पाए भन्ने एउटा केसलाई तलको बक्समा बयान गरिएको छ ।

नवलपरासी जिल्ला पिठौली गा.वि.स.-८ लौगाईका १० जना माझीहरुले निकुञ्ज छेउछाउमा माछा मार्न जाँदा २०६० साल कार्तिक १४ गते शुक्रबार एउटा गैंडा मरेको देखे । त्यो गैंडा कालगतीले नै मरेको रहेछ । उनीहरुले हतार हतार मध्यवर्ती व्यवस्थापन समितिका अध्यक्ष हरि प्र. न्यौपानेलाई आएर भने । उक्त खबर सुनाएकोमा समितिले ती १० जना (तेज ब. धनीराम, देव नारायण, वलीराम, कृष्ण, श्याम सुन्दर बन्धुराम, शीवराज, जंगीलाल, प्रेम बहादुर माझी) लाई पुरस्कार दिने निर्णय गर्‍यो र उनीहरुले संयूक्त रुपमा दश हजार रुपयाँ पुरस्कार पाए । उक्त पुरस्कार २०६० साल चैत्र १६ गते मध्यवर्तीले भव्य कार्यक्रमको आयोजना गरी सम्मान पूर्वक ती माझीहरुलाई वितरण गर्‍यो । उक्त कार्यक्रमबाट उनीहरु ज्यादै खुसीभएका छन् ।

माझीहरुका अनुसार कैयौं पटकसम्म यस्ता घट्नाहरु निकुञ्ज प्रशासनमा सुनाउँदा कहिल्यै यसरी पुरस्कार पाएका थिएनन् । अहिले मध्यवर्तीले उनीहरुलाई यसरी पुरस्कार दिएर मध्यवर्तीको कार्यक्रम प्रति हौसला बढेको छ । पहिला पहिला निकुञ्जमा भएका यस्ता घटनाहरु प्रशासनलाई भन्यो भने कसले तिमीहरुलाई निकुञ्जभित्र पस्न दियो भनेर उल्टै थर्काउने गर्दथे । मध्यवर्तीले यस्तो कार्यक्रम ल्याएकोमा बोटे माझीहरु ज्यादै खुसी छन् र उनीहरु निकुञ्जलाई आफ्नै हो भन्छन् किनभने निकुञ्जबाट नै उनीहरुको दैनिक जीविका चलेको छ । निकुञ्जको निगुरो, सिस्नो र माछा नै उनीहरुको जीवन धान्ने आधार हुन् । जीविकाको मूल आधार नै निकुञ्ज भएकोले यसको ज्यादै माया छ जति प्रशासनलाई छैन होला भन्ने कुरा माझीहरु बताउँछन् । तर निकुञ्ज भित्र पस्न नपाउने नीति नियमले गर्दा उनीहरुलाई अप्ठ्यारो परेको देखिन्छ । यसका साथै बोटे माझीहरुलाई निकुञ्जको इजाजत पत्र लिएर मात्र माछा मार्न पाउने प्रावधान छ ।

**निष्कर्ष**

स्थानीय जनताको प्रत्यक्ष सहभागिता विना प्राकृतिक स्रोतको दिगो व्यवस्थापन हुन नसक्ने कुरा विभिन्न अध्ययन तथा व्यवहारमा पनि देखिएको छ । तर राज्यद्धारा अझैपनि राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रको व्यवस्थापनमा भने जनसहभागितालाई त्यति ध्यान दिएको पाइँदैन । सरकारी निकायले राष्ट्रिय निकुञ्जको व्यवस्थापनमा जनसहभागिता प्रति विश्वास गरेको पाइदैन भने स्थानीय जनताहरु पनि आफूले व्यवस्थापन गरेको सा.व.लाई आफ्नो हो र निकुञ्ज चाहिँ सरकार कै हो भन्ने सोंच अहिलेसम्म रहेको पाइन्छ । त्यसकारण दुवै पक्षले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापनमा जैविक विविधता महासन्धिलाई बिर्सन नहुने देखिन्छ । राज्यले राष्ट्रिय निकुञ्ज जनताको नै हो भन्ने सोंचबाट काम गर्नुपर्ने देखिन्छ । साथै विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्थानीय जनताको सहभागितालाई राष्ट्रिय निकुञ्ज व्यवस्थापनमा पूर्ण अधिकार जस्तैः निर्णय प्रक्रियामा उनीहरुको पनि सक्रिय सहभागिता, प्रभावित व्यक्तिहरुलाई उचित क्षतिपूर्ति, निकुञ्जबाट हुने आम्दानीमा उनीहरुको पनि पहुँच आदिको व्यवस्था गरिएको खण्डमा अहिलेको भन्दा बढी प्रभावकारी हुने देखिन्छ । जुन कुरा शाही चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका केही व्यवस्थापन समिति तथा स्थानीय जनताले गैंडाको अवैध चोरी सिकार विरुद्ध सुरुआत गरेको कामलाई उदाहरणको रुपमा लिन सकिन्छ ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)